## नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता वृद्धिका लागि जलाधार व्यवस्थापन परियोजना (MaWRiN Project)

## मिडिया रिलिज (फोटो, भिडीयो वा अडियो) सहमती फारम

परियोजनाका कर्मचारी तथा परामर्शदाताहरूले संरक्षण संचेतना, अध्ययन, प्रतिवेदन, तालिम, सूचनामूलक सामग्री आदिका लागि निर्मित सामग्री, प्रकाशनहरू तथा अन्य उपयुक्त प्रयोजनका लागि मेरो फोटो खिच्न, आवाज रेकर्ड गर्न र भिडियो रेकर्ड गर्न सहमत भई यस फारममा हस्ताक्षर गरेको छु।यी सामग्रीहरूलाई प्रकाशन, प्रशारण तथा उपयोग गर्नका लागि म WWF Nepal/GEF-MaWRiN Project लाई अनुमति दिन्छु।परियोजनाले फोटो, भिडियो वा अडियो जस्ता सामग्रीहरू व्यावसायिक प्रयोजनका लागि प्रयोग गर्ने छैन। मेरा यी फोटो, अडियो वा भिडियो रेकर्डिङहरू प्रयोग गर्न अनुमति दिएबापत मैले कुनै किसिमको क्षतिपूर्ति प्राप्त गर्ने छैन भन्ने मैले बुझेको छु।

यो फारममा हस्ताक्षर गरेर म पुष्टि गर्दछु कि म कानूनी रूपमा वयस्क भईसकेको छु र म नाबालिगको संरक्षक हुँ। मैले यो फारम पढेको मात्र होइन, बुझेको पनि पुष्टि गर्छु।म यो फारमलाई सम्झौताका रूपमा स्वीकार गर्छु।

नाम (अभिभावक र साक्षीको नाम आवश्यक भएमा)

________________________________________

फोन र ठेगाना

________________________________________

मिति

________________________________________

हस्ताक्षर (अभिभावक र साक्षीको नाम आवश्यक भएमा)

**नोट:**

- यदि लिइएको फोटो, भिडीयो वा अडियो १६ वर्ष मुनिको नाबालिगको हो भने अभिभावकबाट सहमति लिनुपर्ने हुन्छ ।
- यदि तपाईं आफ्नो फोटो, भिडीयो वा अडियो हरू प्रयोग गर्न दिएको अनुमति रद्द गर्न चाहनुहुन्छ भने, कृपया परियोजना व्यवस्थापन इकाई, कमलामाई नगरपालिका-६, शान्तिनगर, सिन्धुली माडी, फोन नं. +९७७-४७-५९०००९, इमेल: Mawrin.mofe@bagamati.gov.np मा सम्पर्क गर्नुहोला।

## संचार वा मिडियामा संप्रेषण सहमति फारम

- नेपाल सरकारको व्यक्तिगत गोपनीयता सम्बन्धी कानुनमा उल्लेखित विभिन्न प्रावधानहरू परियोजनाले तयार पार्ने दस्तावेज, कथा, लेख, फोटो, भिडियो, अडियो, अन्तर्वार्ता तथा अन्य सामग्रीहरू (जसलाई "सूचनामूलक सामग्री" भनिएको छ), तथा अन्य संरक्षण जागरण तथा प्रवर्द्धनात्मक सामग्रीहरू तयार गर्दा, यससँग सम्बन्धित व्यक्तिको जीउ, धन, तथ्यांक तथा चरित्रको हक र व्यक्तिगत सूचनाको संरक्षण गर्ने सहयोग पुग्ने उद्देश्यले यो सहमति फारमलाई कार्यान्वयनमा ल्याइएको हो।

## मिडिया र रिलज सहमति फारमको प्रयोग

- परियोजनाले व्यक्तिगत स्वतन्त्रतालाई सम्मान गर्दछ र सोही मान्यता अनुसार यसको उद्देश्य प्राप्तिका लागि तयार पारिएको "सूचनामूलक सामग्री" को उत्पादन गर्दा सम्बन्धित सबै व्यक्तिहरूलाई यो फारम भर्न लगाउनु पर्नेछ।
- यो फारम हरेक *व्यक्ति वा पाँच* सदस्यसम्मको समूहका लागि मान्य हुनेछ।
- *१६ वर्षभन्दा कम उमेरका* व्यक्तिबाट "सूचनामूलक सामग्री" लिने अवस्थामा सो नाबालिगको अभिभावकले यो फारममा हस्ताक्षर गर्न अनिवार्य हुने छ।

## सहमति लिन अपनाउनु पर्ने कदमहरु

- यो सहमति फारम के का लागि र किन भर्न अनुरोध गरिएको हो ? सो का बारेमा सम्बधित ब्यक्तिलाई पूर्व जानकारी दिनुहोस्।
- साक्षीको रूपमा उपस्थिति हुने तथा स्थानीय भाषा बोल्ने व्यक्तिले फारममा लेखिएको कुरा बुझाउन र फारममा हस्ताक्षर गर्न आवश्यक सहयोग हुने गरेर व्यवस्था मिलाउनुहोस्।
- यो फारममा उल्लेखित भाषालाई व्यक्तिले बुझ्न नसकेको अवस्थामा, "सूचनामूलक सामग्री" जुन व्यक्तिबाट लिन खोजिएको हो, निजलाई सहमति दिने वा नदिने अधिकार सुरक्षित हुनेछ।
- आफू संग सम्बन्धित "सूचनामूलक सामग्री" प्रयोग गर्न अनुमति दिएपछि पनि भविष्यमा यदि अनुमति फिर्ता लिन चाहन्छ भने परियोजना व्यवस्थापन इकाई, कमलामाई नगरपालिका-६, शान्तिनगर, सिन्धुली माडीमा पत्राचार गरी अनुमति फिर्ता गर्न सकिने जानकारी सम्बन्धित व्यक्तिलाई गराउनु पर्ने छ।

## पाँच जना सम्मको समूह र सार्बजनिक कार्यक्रम हरुको लागि सहमति को प्राबधान

- परियोजना को आर्थिक र प्राविधिक सहयोगमा आयोजित सबै सार्वजनिक कार्यक्रममा वा साझेदार संस्थाहरूले सहभागीहरू संग सम्बन्धित "सूचनामूलक सामग्री" प्रयोग गर्न स्वीकृति दिएको मानिनेछ भनी सबै सहभागीहरूलाई सूचित गर्नु पर्नेछ। सहभागीहरूलाई यसबारे मौखिक रूपमा पनि जानकारी गराउनु पर्नेछ।
- परियोजना वा साझेदार संस्थाद्वारा आयोजित कार्यक्रममा सहभागिता गर्नका लागि लिखित रूपमा निमन्त्रणा पठाइएको छ भने, निमन्त्रणा पत्रमा कार्यक्रममा तपाईंको तस्वीर र भिडियो लिन सकिने उल्लेख गर्नु पर्नेछ। साथै, कार्यक्रममा उपस्थित भएमा परियोजना र साझेदार संस्थाहरूलाई तपाईंले आफ्नो तस्वीर र भिडियो लिन स्वीकृति दिनुभएको मानिनेछ।

- यदि लिखित निमन्त्रणा नपठाइएको भए, सहभागीहरूको तस्वीर र भिडियो खिच्न सकिने जानकारी कार्यक्रम सुरुमा घोषणा गर्नुहोस्।साथै, यदि कसैलाई आपत्ति छ भने, कृपया आयोजकहरूलाई जानकारी गराउन अनुरोध गर्नुहोस् भनी घोषणा गर्नुहोस्।